# धनुषाधाम विद्युत् चोरीमुक्त नगरपालिका घोषणा

**हिमालय टाइम्स**

काठमाडौं, २७ माघ

धनुषा जिल्लास्थित धनुषाधामलाई विद्युत् चोरीमुक्त नगरपालिका घोषणा गरिएको छ । धनुषाधाम नगरपालिकाको आयोजना र नेपाल विद्युत् प्राधिकरणको संयोजकत्वमा नगरपालिका विद्युत् चोरीमुक्त क्षेत्र घोषणा गरिएको हो । प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ र नगरपालिका प्रमुख बालेश्वर मण्डलले शनिबार धनुषाधाममा आयोजित कार्यक्रममा नगरपालिकालाई विद्युत् चोरीमुक्त क्षेत्र घोषणा गर्नुभएको प्राधिकरणले जनाएको छ ।

कार्यक्रममा धनुषाधाम नगरपालिका क्षेत्रमा बसोबास गर्ने पिछडिएका तथा आर्थिकरूपमा विपन्न घरपरिवारलाई नि:शुल्क विद्युत् मिटर वितरणसमेत गरिएको छ । ऊर्जामापक यन्त्र (मिटर)मार्फत् बाहेक विद्युत्को अन्य लाइनबाट प्रत्यक्ष वा अप्रत्यक्षरूपमा विद्युत् लाइन तानेमा वा जडान गर्ने (हुकिङ), मिटरलाई छली विद्युत् प्रयोग गर्ने, मिटर तोडी, नासी, बिगारी वा अन्य कुनै किसिमले क्षति पुऱ्याउने वा सामान्य परिचालन हुन नसक्ने गरी असक्षम बनाउनेलगायतका कार्य गरेमा विद्युत् चोरीको कसुर गरेको मानिने कानुनी व्यवस्था छ । चोरीमार्फत् अनधिकृत र असुरक्षितरूपमा विद्युत् प्रयोग गर्दा हरेक वर्ष धनजनको क्षति हुने गरेको छ ।

प्राधिकरणले विद्युत् पहुँच विस्तार र अनधिकृतरूपमा हुने विद्युत् प्रयोग रोक्न मिटर नै किन्न नसक्ने पिछडिएका तथा आर्थिकरूपमा विपन्न घरपरिवारलाई नि:शुल्क विद्युत् मिटर वितरण गर्दै आएको छ । मुलुकभर रहेका आफ्ना वितरण केन्द्रमार्फत् प्राधिकरणले विपन्नलाई नि: शुल्क मिटर उपलब्ध गराएर विद्युत् जडान गरिदिँदै आएको छ । विपन्नले प्राधिकरणको मापदण्डअनुसारको ५-३० एम्पियर क्षमताको बक्ससहितको सिंगल फेज इनर्जी मिटर, एमसिबी बक्स नि:शुल्क पाउनेछन् । प्राधिकरणले मिटर जडानका लागि सेवा शुल्क लिँदैन । धनुषाधामले आफ्नै प्रयास र पहलमा विद्युत् चोरीमुक्त नगरपालिका घोषणा गरी ठूलो चुनौती लिएको उल्लेख गर्दै कार्यक्रममा कार्यकारी निर्देशक घिसिङले विद्युत् चोरी सामाजिक अपराध भएकाले नियन्त्रणका लागि प्राधिकरणतर्फबाट गर्नुपर्ने प्राविधिक कामलाई उच्च प्राथमिकतामा राखी अघि बढाइएको बताउनुभयो ।

उहाँले विद्युत् नै नपुगेका ठाउँ खोजी गरी अहिले त्यस्ता ठाउँमा बसोबास गरिरहेका नागरिकलाई विद्युत् पुऱ्याउन पहाडको टुप्पोदेखि मधेसका फाँट, कर्णाली र सुदूरपश्चिमका विकट बस्तीमा विद्युतीकरणको अन्तिम चरणको काम चलिरहेको बताउनुभयो । घिसिङले भन्नुभयो, 'उज्यालो अभियानअन्तर्गत देशभित्र विद्युत् खपत बढाउन विद्युत् पुगेका ठाउँमा आपूर्ति भरपर्दो र गुणस्तरीय बनाउन र नपुगेका विकट ठाउँमा विद्युत् पुऱ्याउन प्राथमिकतासाथ काम गरिरहेका छौं, कर्मचारीलाई तलब नखुवाएरै भए पनि घर-घरमा विद्युत् पुऱ्याउनेछौं । नेपालको खाद्यान्न भण्डारका रूपमा रहेको तराईका खेत-खेतमा विद्युत् पुऱ्याएर सिँचाइमार्फत् उब्जनी र उत्पादकत्व बढाउनुपर्छ, यसका लागि स्थानीय तहसँगको सहकार्यमा सिँचाइको विद्युतीकरण अघि बढाएका छौं ।'

घिसिङले कृषि र औद्योगिक क्षेत्र विस्तारको प्रचुर सम्भावना रहेको मधेस प्रदेशका जिल्लामा विद्युत् आपूर्तिलाई पर्याप्त, भरपर्दो र गुणस्तरीय बनाउन प्रसारण तथा वितरणतर्फका पूर्वाधार संरचना विस्तार र सुदृढीकरणका लागि करिब ४० अर्ब रुपैयाँ लगानीका विभिन्न आयोजनाको काम भइरहेको उल्लेख गर्नुभयो ।

सिँचाइ र गार्हस्थतर्फको विद्युतीकरणमा धेरै काम भएको उल्लेख गर्दै नगरपालिका प्रमुख मण्डलले खाना पकाउने ग्याँसलाई विस्थापित गर्न विद्युतीय चुलोमा अनुदानको व्यवस्था गरिनुपर्ने बताउनुभयो । कार्यक्रममा विद्युत् चोरी सामाजिक अपराध भएको सन्देश दिने नाटक पनि प्रस्तुत गरिएको थियो । प्राधिकरणका अनुसार मधेस प्रदेशमा चालु आर्थिक वर्ष २०८१/८२ को पुससम्ममा वितरणतर्फको विद्युत् चुहावट १४.२० प्रतिशत छ । चालु आवमा मधेस प्रदेशको विद्युत् चुहावट ११.९ प्रतिशतमा झार्ने लक्ष्य तय गरिएको छ । प्राधिकरणले गैरप्राविधिक चुहावट नियन्त्रणका लागि चोरी नियन्त्रण, महसुल बक्यौता असुलीमा कडाइ, मिटर बाइपास तथा हुकिङ गरी चोरी गर्नेलाई कडा कारबाही गर्ने, बन्द मिटर फेर्ने, मिटर लिन प्रोत्साहित गर्ने, मिटर रिडिङ नभएको (स्टक युनिट) ग्राहकको पहिचान गरी रिडिङ गर्ने काम अभियानकै रूपमा चलाइरहेको छ ।

प्राधिकरणले आफ्ना हरेक वितरण केन्द्रलाई प्रत्येक वर्ष चुहावट नियन्त्रणको लक्ष्य दिई सोहीअनुसार क्रियाकलापहरू सञ्चालन गरिरहेको छ । प्राधिकरणले गत आवमा प्रणालीको विद्युत् चुहावट करिब १२.७३ प्रतिशतमा झारेको थियो । आठ वर्षअघिसम्म प्रणालीबाट २५.७८ प्रतिशत विद्युत् चुहावट भइरहेको थियो ।

# कृषि प्रवर्द्धनमा कोका-कोला फाउण्डेसन

**काठमाडौं ।** द कोका-कोला फाउण्डेसनको साथमा सहारा नेपाल र वराहा क्लाइमेटएजी प्रालिले नेपालको कृषि क्षेत्रलाई मजबुत बनाउने र जलवायु प्रतिरोधात्मक क्षमता प्रवर्द्धन गर्ने उद्देश्यले वृक्षारोपण कार्यक्रम सुरु गरेका छन् । स्ट्रेन्दनिङ रिजेनेरेटिभ हर्टिकल्चर एण्ड एग्रोफरेस्टी इन नेपाल नामक मुख्य परियोजनाअन्तर्गत पहल सुरु गरिएको हो, जसले मुख्यत: कृषिसम्बन्धी चुनौती समाधान र जमिनको उत्पादनमा वृद्धि गर्दै स्थानीय कृषक समुदायलाई सहयोग पुऱ्याउने लक्ष्य राखेको छ । काठमाडौंमा आयोजित वृक्षारोपण कार्यक्रम उद्घाटन समारोहमा सभामुख देवराज घिमिरे, गृहमन्त्री रमेश लेखक, वन तथा वातावरणमन्त्री ऐनबहादुर शाहीलगायतको उपस्थिति रहेको थियो । नेपालको कृषि क्षेत्रले जलवायु परिवर्तन र घट्दो उत्पादकत्वका कारण धेरै चुनौती सामना गरिरहेको छ । जलवायु परिवर्तनले अनियमित वर्षा, पानीको अभाव र चरम मौसमी प्रतिकूलता जस्ता समस्याले स्थितिलाई झनै गम्भीर बनाएको छ । उल्लेखित चुनौती समाधान गर्न परियोजनाले बगैंचा प्रणाली र कृषि वन प्रणाली प्रवर्द्धन गर्दै उत्पादन वृद्धि र कृषकको आम्दानी बढाउने लक्ष्य लिएको छ । फाउण्डेसनका प्रेसिडेन्ट कार्लोस पागोआगाले भन्नुभयो, 'फाउण्डेसनले सदैव दीर्घकालीन वातावरणीय र आर्थिक उन्नतिका परियोजनामा लगानी गर्दै आएको छ । नेपालको कृषि क्षेत्र रूपान्तरण गर्न, कृषकलाई जलवायु चुनौतीहरू सामना गर्न र आम्दानीका नयाँ अवसर सिर्जना गर्न यो परियोजना एउटा महत्त्वपूर्ण कदम हुनेछ ।' वृक्षारोपण कार्यक्रमको पहिलो चरणअन्तर्गत कञ्चनपुर, कैलाली, झापा, मोरङ, सुनसरी, उदयपुर, सप्तरी, सिरहा, सर्लाही, महोत्तरी र पर्सामा सञ्चालन हुनेछ । त्यस्तै, दोस्रो चरणमा कर्णाली प्रदेशका जुम्ला र कालीकोट जिल्लामा वृक्षारोपण विस्तार हुने बताइएको छ ।

## नमोबुद्ध नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
भकुण्डेवेशी, काभ्रेपलाञ्चोक

बागमती प्रदेश, नेपाल

**बोलपत्र आव्हानको सूचना**

**प्रथम पटक प्रकाशन मितिः २०८१/१०/२८**

यस नगरपालिकाबाट निम्न योजनाहरुको लागि e-bid मार्फत बोलपत्र आह्वान गरिएको हुँदा इच्छुक फर्म, कम्पनीले यो सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० बजे भित्र बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । विस्तृत विवरण सहितको सूचनाको लागि www.bolpatra.gov.np/egp, तथा यस कार्यालयको वेबसाईट www.namobuddhamun.gov.np मा हेर्न सकिनेछ ।

**तपसिलः**

| ठेक्का नं. | कार्यको विवरण | धरौटी रकम | दरभाउपत्र दस्तुर |
|---|---|---|---|
| NMUN/NCB/ WORK /2081/081-08 | Construction of Dhulikhel Ward 11 Chhappro Dekhi Namobuddha Na pa 1 ko Karyalaye Jodne Sadak | NRs. 200,000/- | NRs. 3,000/- |
| बैङ्क खाता नं. | **Name of the Bank:** Rastriya Banijya Bank Ltd., Bhakundebesi Branch<br>**Office Name:** Namobuddha Municipality Office<br>**Office Code:** 801032602<br>**Rajswo Shirshak:** 14219<br>**Rajaswa (revenue) account no (for bid fee):** Ga-1-1-1540100301010002<br>**Dharauti Account No. (For Bid Security):** Ga-3-1540100303000002 | | |

**प्रमुख प्रशासकीय अधिकृत**

## स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय, हेटौंडाको

**बोलपत्र स्वीकृति सम्बन्धी आशयको सूचना**

प्रकाशित मितिः २०८१/१०/२८

यस कार्यालयबाट मिति २०८१/०७/११ गते नेपाल समाचारपत्र दैनिक र मिति २०८१/०९/०७ गते हिमालय टाइम्स दैनिकमा प्रकाशित Construction of Road Projects within Bagmati Province का लागि बोलपत्रको सूचना बमोजिम रितपूर्वक दर्ता हुन आएका तपसिल बमोजिमको बोलपत्रदाताहरूको बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही हुन आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) प्रयोजनार्थ बोलपत्रहरू स्वीकृति सम्बन्धि आशयको सूचना सम्बन्धित सबै बोलपत्रदाताहरूलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| S. N. | Contract Id | Name of Bidder | Bid Price with VAT & PS |
|---|---|---|---|
| 1 | LIDPO/Htd/W/ NCB/ 15/081-82 | M/S GSC/Gaurimai JV, Sindhuli | 1,71,51,702.88 |
| 2 | LIDPO/Htd/W/ NCB/ 16/081-82 | M/S Ralukadevi-Roj-Megha JV, Ranibari-03, Kathmandu | 2,01,60,275.52 |
| 3 | LIDPO/Htd/W/ NCB/ 34/081-82 | M/S Buddhi Gandaki Construction and Suppliers | 1,77,68,015.24 |
| 4 | LIDPO/Htd/W/ NCB/ 36/081-82 | M/S Ralukadevi/Roj JV, Kathmandu | 1,95,77,382.74 |
| 5 | LIDPO/Htd/W/ NCB/ 71/081-82 | M/S R.S. Construction, Mahalaxmi Municipality-07, Lalitpur | 62,86,348.00 |
| 6 | LIDPO/Htd/W/ NCB/ 72/081-82 | M/S Dhairya Builders and Supplers Pvt. Ltd., Melamchi-11, Sindhupalchok | 57,66,659.92 |
| 7 | LIDPO/Htd/W/ NCB/ 73/081-82 | M/S Dhairya Builders and Supplers Pvt. Ltd., Melamchi-11, Sindhupalchok | 1,09,29,177.76 |
| 8 | LIDPO/Htd/W/ NCB/ 74/081-82 | M/S Dhairya Builders and Supplers Pvt. Ltd., Melamchi-11, Sindhupalchok | 1,08,37,464.70 |
| 9 | LIDPO/Htd/W/ NCB/ 75/081-82 | M/S Dhairya Builders and Supplers Pvt. Ltd., Melamchi-11, Sindhupalchok | 69,90,066.19 |
| 10 | LIDPO/Htd/W/ NCB/ 81/081-82 | M/S Himal Construction and Suppliers Pvt. Ltd, Manthali-03, Ramechhap | 1,32,95,223.29 |
| 11 | LIDPO/Htd/W/ NCB/ 83/081-82 | M/S Shubhabi Agasteshwar Constructions & Suppliers Pvt.Ltd., Manthali-2, Ramechhap | 1,31,02,725.02 |
| 12 | LIDPO/Htd/W/ NCB/ 84/081-82 | M/S M.N.K. Construction Private Limited, Mahalaxmi Municipality -04, Lalitpur | 78,34,509.63 |
| 13 | LIDPO/Htd/W/ NCB/ 85/081-82 | M/S M.N.K. Construction Private Limited, Mahalaxmi Municipality -04, Lalitpur | 1,04,35,967.38 |
| 14 | LIDPO/Htd/W/ NCB/ 86/081-82 | M/S Sharda Construction, Manthli-1, Ramechhap | 1,27,92,241.08 |
| 15 | LIDPO/Htd/W/ NCB/ 87/081-82 | M/S Himal Construction and Suppliers Pvt. Ltd, Manthali-03, Ramechhap | 67,85,067.90 |
| 16 | LIDPO/Htd/W/ NCB/ 88/081-82 | M/S Agile Construction and suppliers Pvt. Ltd, Kathmandu Metropolitan-3, Kathmandu | 67,36,919.23 |
| 17 | LIDPO/Htd/W/ NCB/ 89/081-82 | M/S Dynamite/Naukunda JV, Naukund, Rasuwa | 1,19,49,062.66 |
| 18 | LIDPO/Htd/W/ NCB/ 90/081-82 | M/S Ganeshaya Namo Namah Construction Pvt.Ltd., Bidur-4, Nuwakot | 62,02,388.60 |
| 19 | LIDPO/Htd/W/ NCB/ 91/081-82 | M/S Gautam Uichen j.v, Bidur-8, Nuwakot | 1,28,99,086.43 |
| 20 | LIDPO/Htd/W/ NCB/ 92/081-82 | M/S P.P Nirman Sewa, Kathmandu-10, Kathmandu | 76,25,952.32 |
| 21 | LIDPO/Htd/W/ NCB/ 93/081-82 | M/S Rcon Builders Pvt. Ltd., Chandragiri Municipality dahachowk | 65,22,334.14 |

Sudurpaschim Provincial Government

Ministry of Physical Infrastructure Development

## Urban Development And Building Office

Baitadi

**Invitation for Bid (IFB)**

**Notice no 2nd 081/082**

**(First date of publication: 28th Paush 2081 BS, (10th February 2024 A.D)**

1. **Urban Development And Building office , Baitadi** invites open competitive bids for following Works under National competitive bidding – Single Stage Single Envelope procedures & Sealed Quotation. All other information & bid documents can be downloaded from PPMO's web site **www.bolpatra.gov.np/egp/**.
2. Interested Eligible bidders should submit online bids through e-procurement portal http://www.bolpatra.gov.np/egp only on or before **March 12, 2025 (BS-2081-11-28) For NCB & February 25,2025 (BS-2081-11-13) For Sealed Quotation 12:00 Noon**. Eligible bidders may obtain further information from Urban Development And Building Office, Baitadi (Tel: **095-520145** email: **dudbcbaitadi24@gmail.com** ) during office hour or may visit PPMO web portal **www.bolpatra.gov.np/egp**.

| S. N. | Contract Identification No. | Description | EstimatedAmount (With VAT & PS) NRs. | Price of Bid Document fee | Bid Security/ Bid Bond | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | UDBO/BTD/NCB/W /09/2081/082 | Construction Of Infrastructure At Bantoli, Shailyashikhar-07, Darchula. | 24,13,805.09 | 3000.00 | 70,000 | NCB |
| 2 | UDBO/BTD/NCB/W /10/2081/082 | Construction of Lablek Khelmaidan, dogadakedar Ga.pa. - 7 Baitadi | 24,12,108.91 | 3000.00 | 70,000 | NCB |
| 3 | UDBO/BTD/SQ/W /01/2081/082 | Supply, Construction, Installation & Commissioning of high mast lighting system in Patan Bazar, Patan Municipality-06, Baitadi | 14,48,506.80 | 1000.00 | 40,000 | SQ |

**For Office Chief**

## Barahathawa Municipality
## Office of the Municipal Executive

**Barahathawa (Sarlahi)**

**Madhesh Provience, Nepal**

**First published date: 2081-10-28**

1. Barahathawa Municipality invites electronic bids from eligible bidders for the procurement of following Item under National competition Bidding (NCB) Procedure.

| Contract Identification No. | Description | Bidding Document cost, Nrs | Bid Security, Nrs | Remarks |
|---|---|---|---|---|
| Goods/NCB- /NCB-09/2081/082 | Supply and Delivery Of Related Drugs | 3000.00 | 1,10,000.00 | All others not mentioned in description will be as per approved technical specifications |
| Goods/SQ/NCB- / NCB-10/2081/082 | Supply and Delivery Of Drugs for Barahathawa Nagar Hospital Under Health Insurance Board Programme | 1000.00 | 50,000.00 | All others not mentioned in description will be as per approved technical specifications |
| Goods/NCB- /NCB-11/2081/082 | Supply and Delivery Of Drugs for Maternal and Newborn child | 3000.00 | 55,000.00 | All others not mentioned in description will be as per approved technical specifications |

2. Eligible bidders may obtain further information and inspect the bidding documents at the office of Barahathawa Municipality or may visit e-GP system www.bolpatra.gov.np/egp

**Barahathawa Municipality**

इम्प्रेसन पब्लिकेसन एण्ड मिडिया प्रा. लि. द्वारा प्रकाशित, **मुद्रण** : नेपाल न्यूज नेटवर्क इन्टरनेशनल प्रा.लि., दुवाकोट, भक्तपुर, **कार्यालय** : मध्यवानेश्वर, काठमाडौं, **फोन** : ४५६६३९३, **फ्याक्स** : ४४८०५५४, पो.ब.नं. ११६७२, Email: hitadaily@gmail.com, **कार्यकारी निर्देशक** : उज्ज्वल शर्मा, **सम्पादक** : पुरुषोत्तम दाहाल

CMYK